# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडाले आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीति बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा आज आयोजित एक समारोहमा सार्वजनिक गर्नुभयो ।

समारोहमा गभर्नर डा. खतिवडाले वार्षिक औसत मूल्य वृद्धिदर ७ प्रतिशत कायम राख्ने, कम्तीमा ६ महिनाको वस्तु तथा सेवाको आयात धान्न आवश्यक विदेशी विनिमय सञ्चिति कायम गर्ने र रू. ५ अर्बको शोधनान्तर बचत हासिल गर्ने नयाँ मौद्रिक नीतिको लक्ष्य रहेको बताउनुभयो । सरकारको बजेटमा उल्लिखित ५ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न सहज हुने गरी आवश्यक मौद्रिक व्यवस्थापन गर्न विस्तृत मुद्रा प्रदाय १२.५ प्रतिशतले, कुल आन्तरिक कर्जा १३.७ प्रतिशतले, वाणिज्य बैंकहरूबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जा १४ प्रतिशतले, सरकारतर्फ प्रवाह हुने कर्जा १२.१ प्रतिशतले र वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन १३ प्रतिशतले वृद्धि हुने प्रक्षेपण नयाँ मौद्रिक नीतिमा गरिएको छ ।




उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहको लागि थप साधन उपलब्ध गराउने उद्देश्यले प्रचलित ५.५ प्रतिशतको अनिवार्य नगद अनुपातमा ०.५ प्रतिशत विन्दुले कटौती गरी ५ प्रतिशत कायम गरिएको गभर्नर डा. खतिवडाले बताउनुभयो । यसबाट बैंकिङ प्रणालीमा करिब रू. ४ अर्ब बराबरको थप तरलता प्रवाह हुने अनुमान गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूको तरलतालाई सहज अवस्थामा कायम राखी राख्न वैधानिक तरलता अनुपात सम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको र बैंक दर, सामान्य पुनरकर्जा सुविधा, अन्तिम ऋणदाता सुविधा, स्थायी तरलता सुविधा, विशेष पुनरकर्जादर यथावत् राखिएको गभर्नर डा. खतिवडाले बताउनुभयो ।

बैंक तथा वित्तीय संस्थाहरूले विपन्न वर्गमा लगानी गर्नुपर्ने कर्जाको अनुपात ०.५ प्रतिशत विन्दुले वृद्धि गरी यस्तो अनुपात आगामी ३ वर्षसम्म क्रमशः ०.५ प्रतिशत विन्दुका दरले वृद्धि गरिने मौद्रिक नीतिमा उल्लेख छ ।

ट्रेजरी विलका अतिरिक्त विकास ऋणपत्रको धितोमा समेत रिपो गर्न सकिने, स्वायत्त लघु वित्त कोष स्थापना गर्ने, तोकिएको स्थानमा नयाँ शाखा खोल्न "घ" वर्गका वित्तीय संस्थालाई रू. १५ लाखसम्म शून्य व्याजदरमा सापटी उपलब्ध गराइने तथा "ग" वर्गका वित्त कम्पनीलाई अतिरिक्त पूँजी नचाहिने र विकास बैंक तथा वित्त कम्पनीमा रहेको रू.२ लाखसम्मको निक्षेप सुरक्षण गर्ने विद्यमान व्यवस्थालाई वाणिज्य बैंकमा पनि लागु गर्ने र निक्षेप सुरक्षण रकमको सीमा बढाउँदै लगिने लगायतका नयाँ व्यवस्था मौद्रिक नीतिमा समेटिएको छ ।

समारोहमा सार्वजनिक गरिएको मौद्रिक नीतिका सम्बन्धमा सरोकारवाला पक्ष तथा सञ्चारकर्मीहरूले राखेका जिज्ञासाको जवाफ गभर्नर डा. खतिवडाले दिनुभएको थियो ।

डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्लेले स्वागत मन्तव्य व्यक्त गर्नुभएको सो समारोहमा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मितिः २०६८ साउन ५ गते

गभर्नरको कार्यालय